# प्रभाव दैनिक

National Daily

वर्ष १२ | अंक १३१ | काठमाडौं | सोमबार, १६ भदौ २०८२ | Prabhab National Daily | Monday, 01 September 2025 | www.prabhabonline.com


## अप्पर स्याङ्गे हाईड्रोपावर लिमिटेड
## Upper Syange Hydropower Limited


का.म.न.पा.चन्डोल–४, काठमाडौं, नेपाल, फोन : ०१–४५४२८६०

इमेल : upper.syange@gmail.com, वेभसाइट: www.uppersyange.com


## नवौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**पहिलो पटक प्रकाशित मिति : २०८२।०५।१६**

यस कम्पनीको मिति २०८२/०५/११ गतेका दिन बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको नवौं वार्षिक साधारण सभा निम्न मिति, समय तथा स्थानमा निम्न प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुदाँ सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितीको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**वार्षिक साधारण सभा हुने मिति, स्थान र समय:**

**मिति** : २०८२ साल आश्विन ०९ गते (तद्अनुसार २५, सेप्टेम्बर २०२५) बिहिबार ।

**स्थान** : कुण्डलिनी दरबार बैङ्क्वेट, चप्पल कारखाना चोक, काठमाण्डौं ।

**समय** : बिहान १०:०० बजे ।

**क) साधारण प्रस्तावहरु**

१. संचालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०८२ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०८१/०८२ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण सम्बन्धी छलफल गरी स्वीकृत गर्ने ।

३. लेखा परिक्षण समितिको सिफारिस बमोजिम आ.व.२०८२/०८३ को लागि लेखापरीक्षक नियुक्ति गर्ने तथा निजको परिश्रमिक निर्धारण गर्ने ।

४. संस्थापक शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्नु हुंने ४ जना संचालकहरुको लागि निर्वाचन गर्ने सम्बन्धमा ।

**ख) विशेष प्रस्तावहरु**

१. कम्पनीको अधिकृत, जारी तथा चुक्ता पूँजीमा बृद्धि गरी, सोही बमोजिम प्रबन्धप्रत्र संशोधन गर्ने सम्बन्धमा ।

२. कम्पनीको चुक्ता पूँजीको १:१ (एक शेयर बराबर एक शेयर) अनुपातमा हकप्रद शेयर जारी गर्ने बारे ।

३. हकप्रद शेयर निष्काशानबाट प्राप्त हुने रकमको उपयोग गर्ने बारे ।

४. आ.व. २०८१/०८२ मा विभिन्न संस्था तथा ब्यक्तिहरुलाई दिइएको आर्थिक सहयोग रकम अनुमोदन गर्ने ।

५. प्रबन्धपत्र र नियमवली समसामयीक संशोधन/थप गर्ने ।

६. प्रबन्धपत्र र नियमावली संशोधन स्वीकृतीको क्रममा नियमनकारी निकायबाट कुनै फेरबदल, थपघट गर्ने निर्देशन वा सुझाव भएमा सोही बमोजिम गर्न सञ्चालकलाई वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रत्यायोजन गर्ने ।

७. कम्पनी गाभ्ने सम्बन्धमा ।

**(ग) विविध ।**

**साधारण सभा सम्बन्धी जानकारीहरु**

१. वार्षिक साधारण सभा प्रयोजनको लागि कम्पनीको शेयरधनी दर्ता पुस्तिका तथा शेयर दाखिला खारेजीको कार्य भदौ २३, २०८२ एक दिन मात्र बन्द रहने छ । शेयरधनी पुस्तीका बन्द भएको अघिल्लो दिन मिति भदौ २२, २०८२ सम्म कायम रहेका शेयरधनीहरु वार्षिक साधारण सभामा भाग लिनका लागि योग्य हुनेछन् ।

२. सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्ति गर्न चाहने शेयरधनीले आश्विन ०७, २०८२ गते कार्यालय समय भित्र उक्त प्रोक्सी यस कम्पनीको कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ ।

३. साधारण सभामा आफ्नो जिज्ञसा राख्न चाहनु हुने शेयरधनीहरुले आफ्नो जिज्ञासा साधारण सभा हुने २ दिन अघि नै इमेल upper.syange@gmail.com मार्फत पठाउनु पर्नेछ ।

४. शेयरधनीहरुले ब्यक्त गरेको मन्तव्य वा प्रश्नहरुको सम्बन्धमा सभाका अध्यक्ष आफैले वा सभाका अध्यक्षबाट आदेश पाएका व्यक्तिबाट सामुहिक रुपले उत्तर दिइनेछ ।

५. सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले सभमा भाग लिन आँउदा आफ्नो परिचय खुल्ने नेपाल सरकारबाट जारी भएको फोटो सहितको प्रमाणपत्र नागरिकता अथवा राष्ट्रिय परिचय पत्र आदि र शेयरधनीको प्रमाण (शेयर अभौतिकरण भएका शेयरधनीहरुको हकमा हितग्राही खाताको विवरण र शेयर अभौतिकरण नभएको शेयरधनीका हकमा शेयर आवेदन फारमको अर्धकट्टी) प्रस्तुत गरेपछि मात्र सभा स्थाल भित्र प्रवेश गर्न दिईनेछ ।

६. नाबालिक शेयरधनीहरुको तर्फबाट नाबालकको संरक्षक वा निजले नियुक्त गरेको प्रतिनिधिले सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न सक्नेछन् । शेयरधनीहरुको दर्ता किताबमा संरक्षकको रुपमा नाम लेखिएको व्यक्तिलाई मात्र संरक्षक मानिनेछन ।

७. साधारण सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्ने छ । शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका साधारण सभा हुने दिन विहान ९:०० बजेदेखि साधारण सभा सम्पन्न नभएसम्म खुल्ला रहनेछ ।

८. कम्पनी ऐन २०६३ को दफा अनुसारको संक्षिप्त वार्षिक आार्थिक विवरण, संचालक समितिको प्रतिवेदन, लेखा परिक्षकको प्रतिवेदन शेयरधनीहरुले निरिक्षण वा प्राप्त गर्न चाहनु भएमा यस कम्पनीको रजिर्ष्टड कार्यालय काठमाडौं महानगरपालिका वडा नं. ४, चण्डोल तथा यस कम्पनी शेयर रजिष्ट्रार माछापुच्छ्रे क्यापिटल लिमिटेड, बागदरबार काठमाडौंमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

९. विविध ।

**सञ्चालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**